नेपाल सरकार

# आपूर्ति मन्त्रालय

# प्रेस विज्ञप्ति

आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

आज मिति २०७४।०५।११ गतेका दिन माननीय आपूर्ति मन्त्रीज्यूको अध्यक्षतामा मा.आपूर्ति राज्यमन्त्री, मन्त्रालयका उच्च पदस्थ पदाधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारी तथा मन्त्रालय अन्तर्गत संचालित आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग, पशु सेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, दुग्ध विकास संस्थान, नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघ, नेपाल माछामासु व्यवसायी संघ, उपभोक्ता मञ्च नेपाल लगायतका पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी आसन्न चाडपर्व दशैं, तिहार एवं छठ पर्वहरूलाई लक्षित गरी आम उपभोक्तावर्गहरूलाई सरल, सहज सुलभ एवं सुपथ मूल्यमा गुणस्तरीय वस्तु उपलब्ध गराउन मिति २०७४ भाद्र १६ देखि २०७४ कार्तिक ९ गतेसम्म मुलुकका बिभिन्न स्थानहरूमा सहुलियत दरको व्यानर राखी संचालन गरिने सुपथ मूल्य पसल संचालन गर्ने विषयमा माछामासु, फलफूल, तरकारी, दुग्धजन्य पदार्थ ध्यू र पनीर लगायतका अत्यावश्यक आधारभूत खाद्य वस्तुहरू सरल सहज र सुपथ मूल्यमा उपलब्ध गराउने र उक्त वस्तुहरू बिक्री वितरण गर्दा सरसफाई, तौल, शुद्धता र गुणस्तरमा विशेष ध्यान दिनुका साथै सम्बद्ध निकायहरूबाट कडाईकासाथ अनुगमन गर्ने निर्णय गरियो ।

यसैगरी नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघ एवं नेपाल माछामासु व्यवसायी संघलाई नेपालभर संघसंग आबद्ध रहेका आफना सम्पूर्ण व्यवसायीहरू मार्फत उपभोक्ताहरूलाई गुणस्तरीय एवं स्वास्थ्यवर्द्धक खाद्य वस्तुहरू (माछामासु सहित) उपलब्ध गराउन अनुरोध गरिएकोमा उहांहरूले प्रतिबद्धता जनाउनु भयो ।

मितिः २०७४ साल भाद्र ११ गते
सिंहदरवार, काठमाडौं ।

( मुकुन्द प्रसाद पौड्याल )
सहसचिव/प्रवक्ता